नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्या :- ६४०

मिति २०७२/०३/२९

नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत अन्य कार्यालय र विदेशी विनिमय कारोवार गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था, मनिचेञ्जर लगायत अन्य संस्थाहरु ।

विषय :- सन २००५ भन्दा अघि निष्कासन भएका भा.रु.नोट सम्बन्धमा ।

महाशय,

भारतीय रिजर्भ बैंकले पछिल्लो पटक जुन २५, २०१५ मा सूचना प्रकाशन गरी सन् २००५ भन्दा अगावै जारी गरिएका पुराना डिजाइनका भारतीय नोटहरु चलन चल्तीबाट हटाउन आगामी डिसेम्वर ३१, २०१५ सम्म सर्वसाधारणबाट प्राप्त त्यस्ता सबै नोटहरु सटही गर्न तथा भारतीय रिजर्व बैंकमा जम्मा गरिसक्न भारतीय सर्वसाधारण तथा बैंक वित्तीय संस्थाहरुलाई सूचना जारी गरेको छ । यस सन्दर्भमा उल्लिखित मिति पश्चात सन् २००५ अगावै जारी भएका भारतीय पुराना नोटहरु भारतीय रिजर्भ बैंकले स्वीकार नगर्ने र यस बैंकले पनि स्वीकार नगर्ने हुँदा सर्वसाधारणबाट प्राप्त भएको त्यस्तो नोट रकम र आफुसँग रहेको मौज्दात समेत भारतीय रिजर्भ बैंकले तोकेको समय भन्दा ३० दिन अगावै अर्थात डिसेम्बर १, २०१५ (२०७२ मंसिर १५) सम्म आफुलाई अनुकुल पर्ने यस बैंकका बैंकिङ्ग कार्यालयहरुमा दाखिला गरी सक्ने व्यवस्था मिलाउन हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

भवदीय,

(भिष्मराज ढुङ्गाना)
का.मु. कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाण्डौ ।
४ श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
६ श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण बिभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखा परिक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, सूचना प्रविधि विभाग
९. श्री नेपाल बैंकर्स संघ, थापाथली, काठमाण्डौ ।
१०. श्री डेभलपमेण्ट बैंकर्स एशोसियसन, काठमाण्डौ ।
११. श्री नेपाल मनिचेञ्जर एशोसियसन, काठमाण्डौ ।